People's Power Ltd.
Regd.No.: 162590/073/074
**People's Power Limited**
Kamal Pokhari, Kathmandu,
Tel: 01-4437611

च. नं./प.सं. : ३६/०८०-८१

मिति : २०८१/०१/२१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौं ।

**विषय : संचालक समिति परिर्वत भएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस पिपुल्स पावर लिमिटेडको मिति २०८१/०१/१७ गते आ.व. २०७८/७९ र २०७९/८० को छैठौ र सातौ वार्षिक सधारणसभामा भएको सञ्चालक समितिको निर्वाचनमा निर्विरोध निर्वाचित भई सञ्चालक समिति परिवर्तन भएको जानकारी गराउँदै नयाँ संचालक समितिको नाम समूह यसै पत्रमा गरेको जानकारी गराउँदै छैठौं र सातौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरणको माईन्यूट पनि यसै पत्र साथ पेश गरेको जानकारी अनुरोध छ ।

**परिवर्तित सञ्चालक समितिको नाम,पद,समूह**

| क.सं | नाम | पद | समूह |
|---|---|---|---|
| १. | श्री टंकराज अर्याल | अध्यक्ष | संस्थापक शेयरधनी |
| २. | श्री रामकाजी श्रेष्ठ | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ३. | श्री श्रीकृष्ण अर्याल | सञ्चालक | संस्थापक शेयरधनी |
| ४. | श्री आरती अधिकारी | सञ्चालक | संस्थापक शेयरधनी |
| ५. | श्री उपेन पराजुली | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ६. | श्री उद्धव भट्ट | सञ्चालक | संस्थापक शेयरधनी |
| ७. | श्री निर्वाण शर्मा | सञ्चालक | स्वतन्त्र सञ्चालक |

भवदीय

People's Power Limited Kamal Pokhari, Kathmandu

..........................
श्रीकृष्ण अर्याल
सञ्चालक

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लिरिङ्ग लि.,काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग , सानोगौचरण , काठमाण्डौं ।
श्री प्रभु क्यापिटल लिमिटेड, कमलादि काठमाण्डौं ।

# पिपुल्स पावर लिमिटेड

**का.म.न.पा. वडा नं.-२ बालुवाटार काठमाडौं**

## छैठौं र सातौं बर्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माईन्यूट)

१. **सभाको प्रारम्भः** कम्पनीको सञ्चालक समितिको मितिः२०८० चैत्र २० गते बसेको बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको छैठौं र सातौं बार्षिक साधारण सभा कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री भरत बहादुर खत्रीज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु पारित गरेको ।

२. **सभाको स्थान, मिति र समयः**

**स्थानः-** लिसारा बैंक्वेट हल नक्साल, काठमाण्डौ ।
**मितिः-** २०८१ साल बैशाख १७ गते शोभबार (April 29, 2024) ।
**समयः-** बिहानको १०:०० बजे ।

३. **सभाको सूचनाः**

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको छैठौं र सातौं बार्षिक साधारण सभाको सूचना मितिः२०८०/१२/२२ गते र मितिः२०८०/१२/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको तथा साधारण सभाको सूचना एवं बार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनीहरुलाई रजिष्टर्ड कार्यालयबाट उपलब्ध हुने गरी ब्यवस्था मिलाईएको जानकारी सभामा गराईयो ।

४. **छलफलको बिषय तथा प्रस्तावहरुः**

**(क) सामान्य प्रस्तावः**

१. आ.व.०७८/०७९ र आ.व.०७९/०८० को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.०७८/०७९ र आ.व.०७९/०८० को वासलात, नाफा, नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरी गर्ने सम्बन्धमा ।
३. चालु आ.व.०८०/०८१ को लागि सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम लेखा परिक्षकको नियूक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संस्थापक समुहबाट १ जना महिला सहित ४ जना र सर्वसाधारण समुहबाट २ जना सञ्चालकको नियूक्ति/निर्वाचन गर्ने सम्बन्धमा ।
५. सञ्चालक समितिले प्रस्तव गरेका मध्येबाट १ जना स्वतन्त्र सञ्चालकको नियूक्ति गर्ने सम्वन्धमा ।
६. सञ्चालकहरुको बैठक भत्ता तथा सुविधा निर्धारण सम्वन्धमा ।
७. संस्थागत सुसाशन सम्वन्धि प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा ।

People's Power Limited Kamal Pokhari, Kathmandu

(ख) बिशेष प्रस्ताव:

१. हाल कायम रहेको चुक्ता पूँजीको आधारमा १ शेयर बराबर ०.५ का दरले (६३,२६,००० कित्ता शेयरको ५० प्रतिशत ३१,६३,००० कित्ता बरावर) हकप्रद शेयर निष्काशनको लागि स्वीकृति प्रदान गर्ने सम्वन्धमा।

२. हकप्रद शेयर वितरण पश्च्यात कम्पनीको पूँजी बृद्धि हुने भएकोले सो प्रयोजनका लागि पूँजी बृद्धि गरी प्रवन्ध पत्रको सम्वन्धित दफाहरुमा संशोधन गर्ने सम्वन्धमा।

३. हकप्रद शेयर जारी गर्दा अन्य आवश्यक कुरा फेरवदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

४. कम्पनीको नियमावली तथा प्रवन्धपत्रमा हुने संशोधनमा कम्पनी रजिष्ट्रारको कार्यालय तथा नियामक निकायबाट आवश्यक थपघट वा परिमार्जन गर्न निर्देशन प्राप्त भएमा सो कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

(ग) विविध:

५. उपस्थिति:

(क) सञ्चालक समिति:

| नाम | पद | उपस्थिति |
|---|---|---|
| श्री भरत बहादुर खत्री | सञ्चालक-अध्यक्ष | उपस्थित |
| श्री टंकराज अर्याल | सञ्चालक-सदस्य | उपस्थित |
| श्री सन्तोष राज नेपाल | सञ्चालक-सदस्य | उपस्थित |
| श्री रमन अग्रवाल | सञ्चालक-सदस्य | उपस्थित |
| श्री बिरेन्द्र बहादुर न्यौपाने | सञ्चालक-सदस्य | उपस्थित |

(ख) अन्य पदाधिकारी:

| नाम | पद |
|---|---|
| श्री सबिता गोदार थापा | कम्पनी सचिव |

(ग) शेयरधनीहरु:

| विवरण | संख्या |
|---|---|
| शेयरधनी तथा शेयरधनी संस्थाका प्रतिनिधिहरु स्वयं उपस्थित | १२१ |
| प्रोक्सी मार्फत उपस्थित | १४९ |
| जम्मा उपस्थिति | २७० |

६. गणपुरक संख्या:

| विवरण | उपस्थिति | | कुल शेयर संख्याको उपस्थिति प्रतिशत |
|---|---|---|---|
| | कुल शेयरधनी संख्या | शेयरधनी स्वयं र प्रतिनिधि (प्रोक्सी) समेत | |
| शेयरधनीहरुको संख्या | १,६१,४७१ | २७० | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ६३,२६,००० | ३२,४०,१६५ | ५१.२१% |

People's Power Limited
Kamal Pokhari, Kathmandu

**७. सभाको बैधानिकताः**

**(क)** कम्पनी ऐन, २०६३ को दफा ६७ (२), कम्पनीको नियमावलीको नियम १८ अनुसार बोलाईएको यस छैठौं र सातौं बार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ७३, नियमावलीको नियम २३ बमोजिम कुल शेयर संख्याको ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको काम कारवाही प्रारम्भ हुने भन्ने प्रावधान बमोजिम साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरु स्वयं र प्रतिनिधि (प्रोक्सी) समेतको संख्या २७० जना भएको र कूल शेयरको ५१.२१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ अनुसार यस सभा पूर्ण वैधानिक भएको ब्यहोरा सभालाई जानकारी गराईयो ।

**(ख)** कम्पनीका संस्थापक शेयरधनी केशव प्रसाद भण्डारीले सभाको उदघोषण गर्नुभयो । उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै अध्यक्ष, सञ्चालकहरु र कम्पनी सचिव लगायतको परिचय गराउँदै आसन ग्रहण गराई सभाको कार्य अगाडि बढाउनुभयो । कम्पनीका प्रोजेक्ट म्यानेजर श्रीकृष्ण अर्यालले शेयरधनीहरुलाई स्वागत मन्तब्यद्धारा स्वागत गर्नुभयो ।

**(ग)** कम्पनीको नियमावलीमा ब्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराउँदै बार्षिक साधारण सभाको सभापतित्व सञ्चालक अध्यक्ष श्री भरत बहादुर खत्रीज्यूले गर्नुभयो ।

**८. सभाको निर्णयहरुः**

## (क) सामान्य प्रस्तावमा निर्णय

### निर्णय नं. १

प्रस्ताव नं. १ का सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री भरत बहादुर खत्रीज्यूले सभामा प्रस्तुत गर्नुभएको आ.व.०७८/०७९ र आ.व.०७९/०८० को वार्षिक प्रतिवेदन स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा प्रतिवेदन माथि छलफल हुँदा शेयरधनी महानुभावहरूले उठाउनु भएका प्रश्नहरूमाथि अध्यक्षज्यूद्वारा चित्त बुझ्दो जवाफ आएको र सो अनुरुप कम्पनीले गरेको प्रगति प्रति सञ्चालक समितिलाई धन्यवाद दिंदै प्रस्तुत प्रतिवेदनलाई पारित गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ का सम्बन्धमा लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.०७८/०७९ र आ.व.०७९/०८० को वासलात तथा नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत् सम्वन्धि अनुसुचीहरु सहितको लेखा परिक्षण प्रतिवेदनहरु पारित गरियोस भनि सभा समक्ष पेश गरिएकोमा प्रतिवेदनहरु माथि विस्तृत छलफल गर्दा कम्पनीको आय ब्यय बिवरण स्पष्ट देखिएकोले वासलात लगायतका सम्पूर्ण वित्तिय विवरण एवं अनुसुचीहरु पारित गर्ने निर्णय गरियो ।

People's Power Limited
Kamal Pokhari, Kathmandu

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ का सम्बन्धमा चालु आ.ब.०८०/०८१ को आय ब्ययको लेखा परिक्षण गर्नका लागि सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम लेखा परिक्षक नियूक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनि सभा समक्ष ३ बटा प्रस्ताव पेश भएकोमा लेखा परिक्षकमा **पी.एल.आर. जी. एशोसियस् सि.ए. फर्मलाई** सो आ.व. को लागि लेखा परिक्षकमा नियूक्ति गर्ने र लेखापरिक्षण गरेवापत निजको पारिश्रमिक रु.१,५०,०००/-(भ्याट बाहेक) प्रदान गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ का सम्बन्धमा यस कम्पनीको नियमावलीको नियम २७ बमोजिम ४ बर्षे कार्यकालका लागि संस्थापक शेयरधनी समुहबाट १ जना महिला सहित ४ जना र सर्वसाधारण समुहबाट २ जना सञ्चालकको निर्वाचन गर्नको लागि सञ्चालक समितिको मिति:२०८०/१२/२० गते बसेको बैठकको निर्णय बमोजिम गठित निर्वाचन समितिले कम्पनी ऐन तथा यस कम्पनीको नियमावलीको प्रक्रिया बमोजिम निर्वाचन सम्पन्न गरी सभा समक्ष पेश गर्नुभएको निर्वाचन परिणाम अनुसार निम्न बमोजिम सञ्चालकहरु निर्विरोध निर्वाचित हुनुभएकोले निर्वाचन परिणामलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै सञ्चालकहरु मध्येबाट सञ्चालक अध्यक्षमा श्री टंकराज अर्याललाई नियुक्ती गर्ने निर्णय समेत पारित गरियो ।

| नाम | पद | समुह |
|---|---|---|
| श्री टंकराज अर्याल | अध्यक्ष | संस्थापक समुह |
| श्री श्रीकृष्ण अर्याल | सञ्चालक | संस्थापक समूह |
| श्री आरती अधिकारी | सञ्चालक | संस्थापक समूह |
| श्री उद्धव भट्ट | सञ्चालक | संस्थापक समूह |
| श्री रामकाजी श्रेष्ठ | सञ्चालक | सर्वसाधारण समूह |
| श्री उपेन पराजुली | सञ्चालक | सर्वसाधारण समूह |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ का सम्बन्धमा नियमावलीको नियम २९ (२) बमोजिम स्वतन्त्र सञ्चालक नियूक्तिको लागि सञ्चालक समितिले प्रस्ताव गरेका नामहरु मध्येबाट श्री निर्वाण शर्मालाई ४ बर्षे कार्यकालका लागि स्वतन्त्र सञ्चालक पदमा नियूक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ का सम्बन्धमा सञ्चालकहरुको बैठक भत्ता तोक्नुपर्ने भएकोले सञ्चालक अध्यक्षलाई रु.७,०००/- र सञ्चालक सदस्यहरुलाई रु.५,०००/- का दरले नियम बमोजिम कर कट्टी गरी प्रति बैठक भत्ता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ का सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत भएको संस्थागत सुसाशन सम्वन्धि पतिवेदनमा छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

Power Limited
Kamal Pokhari, Kathmandu

९. प्रस्तुत प्रस्तावहरु उपर छलफलको लागि आह्वान र सहभागि शेयरधनी महानुभावहरु:

**(क)** साधारण सभामा निर्णयार्थ प्रस्तुत सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन लगायतका बित्तिय विवरण लगायतका बिषय माथि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्वन्धमा कुनै प्रश्न, राय, सुझाव, टिप्पणी भए मौखिक वा लिखित रुपमा जानकारी गराउन शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्दा शेयरधनी महानुभावहरु श्री बैद्यनाथ रौनियार, अमिर दास रन्जित, डम्बर बल्लभ घिमिरे र उद्धव प्रसाद घिमिरेले छलफलमा सहभागि भई प्रश्न तथा राय सुझावहरु ब्यक्त गर्नुभयो ।

**(ख)** सभामा निर्णयार्थ प्रस्तुत विवरण एवं प्रस्तावहरुका बारेमा शेयरधनी महानुभावहरुले ब्यक्त गर्नुभएको धारणा, राय तथा सुझावका लागि अध्यक्षज्यूले आभार ब्यक्त गर्दै जिज्ञासा र प्रस्नहरुको जवाफ दिनुभयो ।

## (ख) बिशेष प्रस्तावमा निर्णय

### निर्णय नं. १

बिशेष प्रस्ताव नं. १ का सम्बन्धमा हाल कायम रहेको चुक्ता पूँजीको आधारमा १ शेयर बरावर ०.५ प्रतिशतका दरले (६३,२६,००० कित्ता शेयरको ५० प्रतिशत ३१,६३,००० कित्ता बरावर) हकप्रद शेयर निष्काशनको लागि स्वीकृति प्रदान गरियोस भनि बिशेष प्रस्ताव पेश गरेकोमा छलफल गरी प्रस्ताव बमोजिम हकप्रद शेयर निष्काशनको लागि स्वीकृति प्रदान गर्ने निर्णय पारित गरियो ।

### निर्णय नं. २

बिशेष प्रस्ताव नं. २ का सम्बन्धमा हकप्रद शेयर वितरण पश्च्यात कम्पनीको पूँजी बृद्धि हुने भएकोले सो प्रयोजनका लागि पूँजी बृद्धि गरी प्रवन्ध पत्रको सम्वन्धित दफाहरुमा संशोधन गरियोस भन्ने बिशेष प्रस्ताव माथि छलफल गर्दा हकप्रद शेयर निष्काशन गर्नको लागि कम्पनीको पूँजी बृद्धि गरी अधिकृत पूँजी रु.२,००,००,००,०००/- र जारी पूँजी रु.९४,८९,००,०००/- बनाई प्रवन्ध पत्रको दफा ६ (क) र ६ (ख) मा भएको व्यवस्थालाई संशोधन गरी निम्न बमोजिम संशोधित दफा अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय गरियो ।

**.प्रवन्ध पत्रको दफा ६:**

**(क)** कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००/- (अक्षरुपी दुई अर्ब मात्र) हुनेछ । सों पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २,००,००,००० (दुई करोड) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**(ख)** कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.९४,८९,००,०००/- (अक्षरुपी चौरानब्बे करोड उनानब्बे लाख रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका ९४,८९,००० (चौरानब्बे लाख उनानब्बे हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

People's Power Limited
Kamal Pokhari, Kathmandu

## निर्णय नं. ३

बिशेष प्रस्ताव नं. ३ का सम्बन्धमा आजको साधारण सभाको स्वीकृति बमोजिम हकप्रद शेयर जारी गर्नका लागि आवश्यक निर्णय गर्ने, कार्यालय तथा नियामक निकायबाट स्वीकृति लिने, अन्य आवश्यक कुराहरु फेरबदल गर्नुपर्ने भएमा फेरबदल गर्ने लगायत हकप्रद शेयर जारी गर्ने सम्वन्धि सम्पूर्ण जिम्मेवारी एवं अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

बिशेष प्रस्ताव नं. ४ का सम्बन्धमा प्रवन्ध पत्रको दफा संशोधनमा नियमनकारी निकाय, कार्यालय वा अन्य निकायबाट संशोधन, थपघट, भाषिक संशोधन आदि गर्न निर्देशन प्राप्त भएमा सो निर्देशन अनुसार थप संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

## (ग) विविध

१. विविध शिर्षक अन्तर्गत साधारण सभाको काम कारवाही तथा निर्णय विवरण (माईन्यूट) तयार गरी हस्ताक्षर एवं प्रमाणित गर्नका लागि सञ्चालक समितिका अध्यक्ष श्री भरत बहादुर खत्री, कम्पनी सचिव सबिता ओभ्ग थापा र शेयरधनीका तर्फबाट श्री अनिमेश हलवाईलाई नियमावलीको नियम २६ (१) बमोजिम नियूक्त गर्ने निर्णय गरियो ।

२. साधारण सभाको निर्णयद्धारा गरिएको प्रवन्ध पत्रको दफा संशोधन अनुसार संशोधित दफा तयार पारी निवर्तमान सञ्चालक समितिद्धारा हस्ताक्षर गर्ने र अभिलेखको लागि कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

**१०. सभा विसर्जनः**

अन्त्यमा सभाका सभापति श्री भरत बहादुर खत्रीज्यूले आजको बार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गएिका सवै प्रस्तावहरु पारित गर्न सहयोग पूर्‍याउनु हुने सबै सञ्चालक, शेयरधनी महानुभावहरु लगायत उपस्थित सबैलाई धन्यवाद दिंदै नव निर्वाचित सञ्चालकहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना ब्यक्त गर्दै छैठौं र सातौं बार्षिक साधारण सभाको कार्यक्रम बिसर्जन भएको घोषणा गर्नुभयो ।

**प्रमाणित गर्नेः**

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| **श्री भरत बहादुर खत्री** | **श्री सबिता गोदार थापा** | **श्री अनिमेश हलवाई** |
| **(सभाका सभापति, अध्यक्ष)** | **(कम्पनी सचिव)** | **(शेयरधनीको तर्फबाट)** |

**मितिः२०८१/०१/१७**

People's Power Limited
Kamal Pokhari, Kathmandu